बलेफी गाउँपालिका

# गाउँ कार्यपालिकाको कार्यालय

बलेफी, सिन्धुपाल्चोक

बागमती प्रदेश, नेपाल

मितिः २०७९/०५/७

## विषयः सूचना

यस गाउँपालिकामा रहेका नागरिकहरुमध्ये मृगौला प्रत्यारोपण गराएका, डायलाइसिस गराईरहेका, क्यान्सर रोग पहिचान भई उपचार पछि निको भईसकेका व्यक्ति बाहेकका क्यान्सर रोगी(क्यान्सर पहिचान भई उपचार पछि निको भई सकेका तर चिकित्सकले तीन-तीन महिना भित्र निरन्तर निगरानीमा राखेका व्यक्ति समेत) र मेरुदण्ड पक्षघात भएका (रातो र निलो अपाङ्ग परिचय पत्र बाहक) व्यक्तिले **मृगौला प्रत्यारोपण गरेका, डायलाइसिस गराइरहेका, क्यान्सर रोगी र मेरुदण्ड पक्षघातका विरामीलाई औषधी उपचार वापत खर्च उपलब्ध गराउने सम्बन्धी कार्यविधि, २०७८** बमोजिम औषधी उपचार वापत खर्च पाउनका लागि नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपि, नाबालकको हकमा जन्मदर्ता प्रमाणपत्रको प्रतिलिपि, कार्यविधिको अनुसूची -१ बमोजिमको ढाँचामा चिकित्सकको सिफारिस, मेरुदण्ड पक्षघातको हकमा अपाङ्गता सम्बन्धी प्राप्त गरेको रातो वा निलो कार्डको प्रतिलिपि सहित सम्बन्धित वडा कार्यालयमा अनुसूची -२ बमोजिमको ढाँचामा र देहायका शर्तहरुको अधिनमा रही निवेदन दिनुहुन यो सूचना प्रकाशित गरिएको छ ।

### आवश्यक शर्तहरु

१. नेपाल सरकार वा नेपाल सरकारको पूर्ण वा अधिकांश स्वामित्व भएको संस्था वा संगठनबाट रोजगारी/निवृत्तिभरण वा विदेशी सरकारबाट रोजगारी/पेन्सन प्राप्त गरिरहेको व्यक्तिलाई कार्यविधि बमोजिमको मासिक वृत्ति उपलब्ध गराईने छैन।

२. नेपाल सरकारबाट उपलब्ध गराईदै आएको जेष्ठ नागरिक भत्ता, एकल महिला, दलित भत्ता, पिछडिएको भत्ता, अपाङ्गता भत्ता लगायत नेपाल सरकारबाट साबिकमा पाई आएको सामाजिक सुरक्षा भत्ता वा उल्लेखित कार्यविधि बमोजिम उपलब्ध गराईने मध्ये कुनै एक किसिमको भत्ता/मासिक वृत्ति मात्र लाभग्राहीले प्राप्त गर्न सक्नेछन् ।

३. बलेफी गाउँपालिकाबाट गठित सिफारिस समितिबाट विपन्न पहिचान भई  विपन्न रहेको प्रमाणपत्र पाप्त व्यक्ति मात्र लाभग्राहीको रुपमा रहने छन्।

४. कार्यविधिमा उल्लेखित एक भन्दा बढी रोग लागेका व्यक्तिले दोहोरो पर्ने गरी यस किसिमको भत्ता प्राप्त गर्न छैनन्।

५. नेपाल सरकारले तोकेको मासिक पाँच हजार रुपैयाँको दरले प्राप्त गर्ने औषधी उपचार खर्च  त्रैमासिक रुपमा महिनाको अन्तिम दिन गाउँपालिकाले लाभग्राहीको बैंक खातामा जम्मा गर्नेछ।

६. चिकित्सकले मृगौला प्रत्यारोपन गरेको/ डायलाइसिस गरेको/ क्यान्सर रोग/ मेरुदण्ड पक्षघात भएको प्रमाणित गर्ने ढाँचा (अनुसूची -१) र औषधी उपचार वापत खर्च पाउनका लागि दिने निवेदनको ढाँचा (अनुसूची -२) बलेफी गाउँपालिकाको वेवसाइटमा राखिएको छ।

देवीलाल सापकोटा

प्रमुख प्रशासकीय अधिकृत

देवीलाल सापकोटा
प्रमुख प्रशासकीय अधिकृत